# सुर्यगढी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ६ संख्याः १ मितिः २०७९/१०/२४

## भाग-२
## सुर्यगढी गाउँपालिका

सुर्यगढी गाउँपालिकाको विपन्न परिवारहरुलाई घर निर्माणका लागि अनुदान वितरण कार्यविधि, २०७९ सम्बन्धमा सुर्यगढी गाउँकार्यपालिकाले तल लेखिए बमोजिमको कार्यविधि बनाएको हुनाले सर्वसाधरणको जानकारीको लागि प्रकाशित गरिएको छ।

**कार्यपालिकाबाट स्वीकृत मितिः २०७९/१०/२३**

**सम्बत २०७९ सालको कार्यविधि नं. : ०८**

# विपन्न परिवारहरुलाई घर निर्माणका लागि अनुदान वितरण कार्यविधि, २०७९

**प्रस्तावना :**

नेपालको संविधान प्रदत्त नागरिकको मौलिक हक अन्तर्गत आवासको अधिकार सम्बन्धी ऐन, २०७८ बमोजिम उपयुक्त, सुरक्षित र वातावरणमैत्री आवासको अधिकारको सम्मान, संरक्षण तथा परिपूर्ति गर्न गरिबीको रेखामुनी रहेका, प्रकोपका कारण घरवार विहिन भएका घर परिवारहरुले सुरक्षित आवास निमार्ण आफैले गर्न चाहेमा जस्तापाता र सहुलियत दरको काठ लगायतका सामाग्री खरिदको लागि र गरिबीको रेखामुनी रहेका, पराल वा खरको छाना भएका घर परिवारलाई जस्तापाताको छानामुनि ल्याउने गरी सुरक्षित नागरिक आवास निमार्णको लागि कार्यान्वयन गर्न वाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन २०७५ वमोजिम सुर्यगढी गाउँपालिकाले देहायको कार्यविधि बनाएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम **"विपन्न परिवारहरुलाई घर निर्माणका लागि अनुदान वितरण कार्यविधि, २०७९"** रहेको छ ।

(ख) यो कार्यविधि कार्यपालिकाबाट पारित भएको मिति देखि लागु हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) **"गाउँपालिका"** भन्नाले सुर्यगढी गाउँपालिकालाई सम्झनुपर्छ ।

(ख) **"छनौट तथा कार्यान्वयन समिति"** भन्नाले दफा १० को उपदफा (क) बमोजिम गठन भएको समिति सम्झनु पर्छ ।

(ग) **विपन्न परिवार घर** भन्नाले आगलागी तथा हावापानी थेग्न सक्नेगरी निमार्ण गरिएका काठ, इट्टा, ढुङ्गा वल्क, पराल खर वाहेकका छानायुक्त आवासीय भवन सम्झनु पर्दछ ।

(घ) **लाभग्राही** भन्नाले दफा ५ बमोजिम छनौट भएको लाभग्राही (घरधनी) लाई सम्झनु पर्छ ।

(ङ) **लक्षित वर्ग भन्नाले** पहिचान भएका गरिबीको रेखामुनी रहेका पराल वा खरको छाना भएका घर परिवार र प्रकोपका कारण घरवार विहिन भएका परिवार सम्झनुपर्छ ।

## परिच्छेद २
## लक्षित वर्ग घर परिवार पहिचान र कार्यक्रम संचालन स्थान

**३. कार्यक्रम संचालन स्थान**

(क) विपन्न परिवार घरका लागि अनुदान कार्यक्रम सुर्यगढी गाउँपालिकाको ५ वटै वडाहरुमा संचालन गरिनेछ ।

(ख) यथास्थानमा पुनःनिमार्ण गर्नेलाई प्राथमिकता दिने गरि निमार्ण गरिनेछ ।

**४. विपन्न परिवार घर अनुदान प्राप्त गर्नका लागी तपसिल बमोजिमका कागजात पेश गर्नुपर्ने छ ।**

(क) नेपाली नागरिकताको प्रतिलिपी ।

(ख) विगतदेखि सो स्थानमा स्थायी बसोवास गर्दै आएका प्रमाण ।

(ग) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको भए सो सम्बन्धी कागजात वा आफु स्थायी रुपमा सो स्थानमा बसोवास गर्दै आएको खरको छाना भएको लक्षित परिवार भन्ने सम्बन्धित वडाको सिफारिस ।

**५. लाभग्राहीको छनौट प्रक्रिया :**

(क) विपन्न परिवार घर निर्माण कार्यक्रमबाट अनुदान प्राप्त गर्न इच्छुक र मापदण्ड पुगेका सेवाग्राहिबाट वडामा आवेदन दिन सक्नेगरि गाउँपालिकाबाट ७ दिनको सार्वजनिक सुचना जारि गरिनेछ । यस भन्दा अगाडी खरको छाना भएको लक्षित परिवार पहिचान भई स्वीकृत भएर आएकाहरुलाई पहिलो प्राथमिकतामा राखी कार्यक्रम संचालन गरिने छ ।

(ख) वडा कार्यालयले आवश्यक छानविन गरी विपन्न घर परिवारको छनौट गरि गाउँपालिकामा सिफारिस गर्नुपर्ने छ ।

(ग) उपदफा (ख) बमोजिम लक्षित घरपरिवार सिफारिस भइ आएपछि सोको आधारमा अन्तिम लाभग्राहीहरुको यकिन गरि कार्यक्रम कार्यान्वयन गर्ने कार्य दफा १० बमोजिमको समितिले गर्नेछ ।

(घ) लाभग्राही छनौट गर्दा बृद्ध, एकल महिला, दलित, विपन्न, अनाथ बालबालिका, जंगलि जनावरबाट निरन्तर पिडित भई रहने तथा अपाङ्गता भएका घर परिवारलाई विशेष प्राथमिकता दिइनेछ ।

(ङ) संगोलमा रहेका परिवारले एउटै आवासमा मात्र अनुदान प्राप्त गर्न सक्नेछन् ।

(च) एकै परिवारलाई आवस प्रयोजनका लागि सरकारी कोषबाट दोहोरो सुविधा दिइने छैन, तर सरकारी कोष बाहेक अन्य संघ सस्था वा निकायबाट दिइने सहयोग वा समपुर कोषका लागि बाधा पुगेको मानिने छैन ।

## परिच्छेद ३
## सम्झौता, निमार्ण तथा रकम निकासा सम्बन्धि

**६. सम्झौता :**

क) दफा ५ बमोजिम विपन्न परिवार घर निर्माणका लागि अनुदान प्राप्त गर्न छनौट भएका सहभागिहरु संग अनुसुचि १ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

ख) सम्झौता गर्ने/गराउने तथा खर्च सम्बन्धि सम्पुर्ण जिम्मेवारी गाउँपालिकाको प्राविधिक र आर्थिक प्रशासन शाखाको हुनेछ ।

**७. निमार्ण कार्य र लागत सहभागिता :**

क) लाभग्राही र गाउँपालिका बिच सम्झौता पश्चात गाउँपालिकाबाट उपलब्ध गराईएको डिजाईन, इस्टिमेट बमोजिमको ढाँचामा जस्ता पाताले छाएको घर निमार्ण गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा गाउँपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप सेवाग्राही स्वमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको ढाँचामा परिवर्तन गरी थप निमार्ण गर्नुपर्ने भएमा गाउँपालिकाको पुर्व स्विकृति लिनु पर्नेछ ।

घ) उपदफा (क) बमोजिमको निमार्णका लागि प्राविधिक सहयोग सुर्यगढी गाउँपालिकाबाट उपलब्ध गराइनेछ ।

**८. अन्य निकायले सहयोग गर्ने :**

(क) विपन्न परिवार घर निर्माण कार्यक्रमको थप विस्तारका लागि प्रदेश तथा संघीय सरकारमा (प्रस्तावना) योजना पेश गरी कार्यक्रम विस्तार गर्न सकिनेछ ।

ख) विपन्न परिवार घर निर्माण कार्यक्रममा थप सहयोग र विस्तारका लागि विभिन्न संघ संस्था र दातृ निकायसंग समन्वय र सहकार्य गरिनेछ ।

ग) नेपाल सरकार र प्रदेश सरकारको पूर्वाधार तथा अन्य सेवासँग सम्बन्धित निकायहरुसँग कार्यक्रम संचालन क्षेत्रमा भौतिक सेवा तथा पूर्वाधार विस्तार तथा विकासका लागि कार्य संचालनका लागि सहयोग लिन सकिनेछ ।

**९. रकम निकासा :**

क) सम्झौता पश्चात लाभग्राहीले गाउँपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नु पर्नेछ ।

ख) गाउँपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा बैक मार्फत रकम उपलब्ध गराउनेछ ।

ग) सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) बढीमा रु २ (दुई) लाख सम्म हुनेछ ।

घ) कुनै लाभग्राहीले विशेष कारणबस निमार्ण कार्य सम्पन्न गर्न नसकेमा निमार्ण कार्यको मुल्याङ्कन गरि उचित ठहरे बमोजिमको रकम मात्र प्रदान गरिनेछ ।

## परिच्छेद ४
## समिति सम्बन्धी व्यवस्था

**१०. गाउँपालिका विपन्न परिवार घर छनौट तथा कार्यान्वयन समिति :**

(क) कार्यक्रम संचालन सम्बन्धी आवश्यक व्यवस्था गर्न तथा कार्यक्रमको समन्वय,व्यवस्थापन अनुगमन मुल्याङ्कन गर्नका लागि देहाय बमोजिमको एक विपन्न परिवार घर छनौट तथा कार्यान्वयन समिति रहनेछ :

| | |
|---|---|
| १) अध्यक्ष | - संयोजक |
| २) अध्यक्षबाट मनोनित महिला कार्यपालिका सदस्य १ | - सदस्य |
| ३) प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको अधिकृत स्तरको कर्मचारी | - सदस्य |
| ४) ईन्जिनियर | - सदस्य सचिव |

ख) गाउँस्तरिय विपन्न परिवार घर छनौट तथा कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) कार्यक्रम संचालन सम्बन्धी वडा क्षेत्रमा कार्यान्वयन गरिने आवास संख्या निर्धारण गर्ने ।

ख) विपन्न घर प्राप्त गर्न लाभग्राही छनौटका लागि सुचना आह्वान गर्ने ।

ग) वडा तहबाट सिफारिस भई आएका लाभग्राही परिवारको अन्तिम टुंगो लगाउने ।

घ) कार्यक्रम संचालनको क्रममा कुनै बाधा आईपरेमा फुकाउन सहजिकरण गर्ने ।

ङ) कुनै कारणवस निमार्ण कार्य सम्पन्न हुन नसकेमा सोको मुल्याङ्कन गर्न लगाई उचित ठहरे बमोजिमको रकम फरफारक गर्ने ।

च) विपन्न परिवार घर निर्माण कार्य र भौतिक पुर्वाधारका लागि सम्बन्धित निकायहरु सँग समन्वय सहकार्य र योजना माग गर्ने ।

छ) प्राविधिक शाखा मार्फत लाभग्राही परिवारको सम्झौता गर्न/गराउन लगाई कार्यक्रम कार्यान्वयन गर्ने ।

ज) आवास निर्माण सम्पन्न पश्चात अनुगमन गरी भुक्तानीका लागी सिफारिस गर्ने

झ) आवश्यक अनुसार अनुगमन मुल्याङ्कन गरी सोको प्रतिवेदन तयार गर्ने ।

ग) बैठक र सुविधा सम्बन्धी व्यवस्था :

१) विपन्न परिवार घर छनौट तथा कार्यान्वयन समितिको बैठक आवश्यकता अनुसार बस्न सक्नेछ ।

२) बैठकमा आवश्यकता अनुसार विज्ञ वा सम्बन्धित संस्थालाई आमन्त्रण गर्न सकिनेछ ।

## परिच्छेद ५
## विविध

**११. बेच बिखन गर्न नपाउने :**

लाभग्राहीले घर निमार्ण सम्पन्न भएको मितिले पाँच बर्षसम्म उक्त आवास बेचविखन गर्न पाउने छैन ।

**१२ कारबाही हुने :**

विपन्न परिवार घर निर्माण कार्यक्रमबाट लाभाविन्त हुने उद्देश्यले कुनै व्यक्तिले झुट्टा विवरण पेश गरी सुविधा लिएको ठहर हुन आएमा त्यस्ता व्यक्तिले लिएको सुविधा सरकारी बाँकि बक्यौता सरह असुल उपर गरी प्रचलित कानुन बमोजिम कारबाही हुनेछ ।

**१३. बचाउ :**

क) यसमा उल्लेख नभएका अन्य व्यवस्था गाउँ कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

ख) यस कार्यविधिको व्याख्या, संशोधन र परिमार्जन गर्ने अन्तिम अधिकार गाउँ कार्यपालिकामा रहनेछ ।

## अनुसूची -१
## दफा ६ (क) सँग सम्बन्धित

**सुर्यगढी गाउँपालिका र विपन्न परिवार घर निर्माण कार्यक्रमका लाभग्राही बिच अनुदान उपलब्ध गराउने सम्बन्धि सम्झौता पत्र ।**

१. कार्यक्रम स्थल :- जिल्ला :- नुवाकोट . गाउँपालिका :- सुर्यगढी . वडा नं.:-..........

२. उद्देश्य : आवास निर्माण ।

३. कुल लागत :.................. न.पा. अनुदान ..................... लाभग्राहीको सहभागिता ..............

४. प्रस्तावित निमार्ण कार्य अवधि :

क) शुरु हुने मिति :- २०......./......../.........

ख) पुरा हुने मिति :- २०......./......../.........

५. निमार्ण कार्य सम्बन्धि सेवा र शर्तहरु :

क) लाभग्राहि र गाउँपालिका बिच सम्झौता पश्चात गाउँपालिकाबाट उपलब्ध गराइएको डिजाइन इस्टिमेट बमोजिमको ढाँचामा घर निर्माण गर्नुपर्नेछ ।

ख) उपदफा (क) बमोजिमको घरको कुल लागतमा गाउँपालिकाले सम्झौता बमोजिम उपलब्ध गराउने रकम बाहेक थप रकम सेवाग्राहि स्वमले लागत सहभागिता गर्नु पर्नेछ ।

ग) उपदफा (क) बमोजिमको निमार्णका लागि प्राविधिक सहयोग सुर्यगढी गाउँपालिकाबाट उपलब्ध हुनेछ ।

ङ) सम्झौता पश्चात लाभग्राहीले गाउँपालिकाबाट सिफारिस गरेको बैकमा खाता खोल्नु पर्नेछ । च) गाउँपालिकाले लाभग्राहीलाई कार्यप्रगति र सम्झौताको आधारमा जस्ता पाताले छाना छाउनको लागि काठको काम गर्नकालागि ५०% र जस्ताको छाउने कार्य सम्पन्न भएपछि बाँकी ५०% रकम बैक मार्फत दुई किस्तामा उपलब्ध गराउनेछ ।

छ) सुरक्षित नागरिक आवासका लागि उपलब्ध गराइने अनुदान रकम प्रति आवास (प्रति परिवार) बढीमा रु. दुई लाख सम्म हुनेछ ।

ज) यस सम्झौतामा उल्लेखित बाहेक अन्य कुराहरुको हकमा गाउँ कार्यपालिकाको निर्णय र प्रचलित कानुन बमोजिम हुनेछ।

६. सम्झौताका पक्षहरु :

| **कार्यालयको तर्फबाट** | **लाभग्राहीको तर्फबाट** |
|---|---|
| नामः | लाभग्राहीको नाम : |
| पदः | ठेगानाः |
| दस्तखतः | दस्तखतः |
| मितिः | मितिः |
| साक्षी : (१)<br>श्री.......... पद...................... | साक्षी : (१)<br>श्री.................... ठेगाना...................... |

## अनुसुची -२
## दफा ५ (क) सँग सम्बन्धित
## लभग्राहीले दिने निवेदनको ढाँचा

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,
सुर्यगढी गाउँपालिका, चोकदे नुवाकोट ।

**विषय : विपन्न परिवार घर निर्माण अनुदान सम्बन्धमा ।**

म सुर्यगढी गाउँपालिका .....नं. वडा .......टोलमा स्थायी बसोवास गरिरहेको र मेरो आर्थीक अवस्था कमजोर रहेको हुँदा घरको छाना खर,भुस/पराल वाट छाएको छ तसर्थ गाउँपालिकाबाट उपलब्ध गराइने विपन्न परिवार घर निर्माण कार्यक्रममा समावेश गराई मेरो कि.न.......... को............क्षेत्रफलमा रहेको घर जस्तापाताले छाउनकालागि अनुदान रकम उपलब्ध गराई दिनुहुन निवेदन गर्दछु ।

**संलग्न कागजातहरु (भएकोमा मात्र चिन्ह लागाउनुहोस)**

१) नेपाली नागरिकताको प्रतिलिपि ।

२) विगतदेखि सो स्थानमा स्थायी बसोबास गर्दै आएको प्रमाण ।

३) जग्गाधनी प्रमाण पुर्जा वा घर जग्गाको तिरो वा शुल्क बुझाएको कागजात वा आफु विगत देखि स्थायी रुपमा सो स्थानमा बसोबास गरी आएको खर,भुस/पराल वाट छाएको भन्ने सम्बन्धित वडाको लाभ ग्राही सिफारिस पत्र । **(आफ्नो नाममा जग्गा धनी प्रमाण पुर्जा नभएको खण्डमा पुर्जा धनीको मञ्जुरीनामा पत्र अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।)**

**निवेदक**

नाम थर...................
ठेगाना.....................
सम्पर्क नं.................
हस्ताक्षर.................

व्यहोरा ठिक साचो हो भनि
सिफारिस गर्ने :
हस्ताक्षर...........
वडा अध्यक्ष
छाप:

आज्ञाले,
गणेश राम पोखरेल
प्रमुख प्रशासकीय अधिकृत